नेपाल सरकार

अर्थ मन्त्रालय

# सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

त्रिपुरेश्वर, काठमाण्डौं


## २०८३ भाद्र मसान्तसम्मको सार्वजनिक ऋणको प्रतिवेदन

### १. सार्वजनिक ऋण दायित्वको अवस्था

आर्थिक वर्ष २०८३/८४ को सुरुमा कुल सार्वजनिक ऋण रु. २९ खर्ब ८१ अर्ब ७० करोड २८ लाख रहेकोमा २०८३ भाद्र मसान्तसम्ममा विनिमय दरमा भएको नोक्सानी रु. ४३ करोड ६३ लाख सहित कुल सार्वजनिक ऋण दायित्व रु. २९ खर्ब ७३ अर्ब ५ करोड ९२ लाख पुगेको छ। जुन कुल गार्हस्थ उत्पादनको ४५.०५ प्रतिशत हुन आउँछ। कुल सार्वजनिक ऋणमा भाद्र मसान्तसम्ममा वैदेशिक ऋणको हिस्सा ५४.१९ प्रतिशत तथा आन्तरिक ऋणको हिस्सा ४५.८१ प्रतिशत रहेको छ।

तालिका १: सार्वजनिक ऋणको दायित्व स्थिति — रु. करोडमा

| सि.नं. | ऋणको विवरण | सुरु मौज्दात (२०८३ श्रावण १) | २०८३/८४ भाद्र मसान्तसम्मको प्राप्ति | २०८३/८४ भाद्र मसान्तसम्मको भुक्तानी (व्याज बाहेक) | विनिमय नाफा/नोक्सान | जम्मा तिर्न बाँकी ऋण | कुल गार्हस्थ उत्पादनको आधारमा ऋण प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | जम्मा ऋण दायित्व | २९८,१७०.२८ | ६,१०५.७० | ७,०१३.६९ | -४३.६३ | २९७,३०५.९२ | ४५.०५ |
| १ | आन्तरिक ऋण दायित्व | १३७,५४१.५९ | ५,०००.०० | ६,३५४.५० | ०.०० | १३६,१८७.०९ | २०.६३ |
| २ | वाह्य ऋण दायित्व | १६०,६२८.६९ | १,१०५.७० | ६५९.१९ | -४३.६३ | १६१,११८.८३ | २४.४१ |



चित्र १: सार्वजनिक ऋणको दायित्व स्थिति


## २. सार्वजनिक ऋण परिचालनको वार्षिक लक्ष्य र प्राप्ति

आर्थिक वर्ष २०८३/८४ मा जम्मा रु. ६ खर्व ५८ अर्ब २८ करोड सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकोमा भाद्र मसान्तसम्ममा रु. ६१ अर्ब ५ करोड ऋण प्राप्ति भएको छ। वार्षिक लक्ष्यको तुलनामा कुल सार्वजनिक ऋण प्राप्ति ९.२८ प्रतिशत रहेको छ। जसमध्ये आन्तरिक र बाह्य ऋण प्राप्तिको प्रगति क्रमश १२.२० र ४.४५ प्रतिशत रहेको छ। कुल सार्वजनिक ऋण प्राप्ति मध्ये आन्तरिक र बाह्य ऋणको हिस्सा क्रमशः ८१.८९ र १८.११ प्रतिशत रहेको छ।

तालिका २: सार्वजनिक ऋण परिचालनको वार्षिक लक्ष्य र प्राप्ति स्थिति रु. करोडमा

| सि.नं. | ऋणको विवरण | २०८३/८४ को वार्षिक लक्ष्य | २०८३/८४ को भाद्र मसान्त सम्मको प्राप्ति | प्राप्ति गर्न बाँकी | लक्ष्यको आधारमा प्राप्ति प्रतिशत | प्राप्तिमा आन्तरिक ऋण र बाह्य ऋणको हिस्सा |
|---|---|---|---|---|---|---|
| | जम्मा सार्वजनिक ऋण | ६५,८२८.०७ | ६,१०५.७० | ५९,७२२.३७ | ९.२८ | १००.०० |
| १ | आन्तरिक ऋण | ४१,०००.०० | ५,०००.०० | ३६,०००.०० | १२.२० | ८१.८९ |
| २ | वाह्य ऋण | २४,८२८.०७ | १,१०५.७० | २३,७२२.३७ | ४.४५ | १८.११ |

चित्र २ : सार्वजनिक ऋणको वार्षिक लक्ष्य र प्राप्ति स्थिति




## ३. सार्वजनिक ऋणको साँवा र व्याज भुक्तानीको बजेट र यर्थाथ खर्च

आर्थिक वर्ष २०८३/८४ मा ऋण सेवा खर्चमा रु. ४ खर्व १७ अर्ब ८८ करोड बजेट विनियोजन भएकोमा भाद्र मसान्तसम्म रु. ८५ अर्ब १ करोड ६ लाख भुक्तानी भएको छ। यो वार्षिक बजेट विनियोजनको आधारमा २०.३४ प्रतिशत हो। कुल गार्हस्थ उत्पादनको आधारमा भाद्र मसान्तसम्ममा कुल ऋण सेवा खर्च १.२९ प्रतिशत रहेको छ।

तालिका ३: सार्वजनिक ऋणको साँवा र व्याज भुक्तानीको बजेट र यथार्थ खर्च स्थिति रु. करोडमा

| सि.नं. | ऋणको विवरण | वार्षिक बजेट | २०८३/८४ को भाद्र मसान्तसम्मको भुक्तानी | बाँकी बजेट | खर्च प्रतिशत | कुल गार्हस्थ उत्पादनको आधारमा ऋण सेवा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | जम्मा सार्वजनिक ऋण सेवा | ४१,७८८.७० | ८,५०१.०६ | ३३,२८७.६४ | २०.३४ | **१.२९** |
| २ | आन्तरिक ऋण भुक्तानी | ३२,८१४.०० | ७,६७९.९० | २५,१३४.१० | २३.४० | **१.१६** |
| | साँवा भुक्तानी | २४,५८९.०० | ६,३५४.५० | १८,२३४.५० | २५.८४ | **०.९६** |
| | व्याज भुक्तानी | ८,२२५.०० | १,३२५.४० | ६,८९९.६० | १६.११ | **०.२०** |
| ३. | वाह्य ऋण भुक्तानी | ८,९७४.७० | ८२१.१६ | ८,१५३.५४ | ९.१५ | **०.१२** |
| | साँवा भुक्तानी | ७,२२०.२० | ६५९.१९ | ६,५६१.०१ | ९.१३ | **०.१०** |
| | व्याज भुक्तानी | १,७५४.५० | १६१.९७ | १,५९२.५३ | ९.२३ | **०.०२** |
| ४ | जम्मा साँवा खर्च | ३१,८०९.२० | ७,०१३.६९ | २४,७९५.५१ | २२.०५ | **१.०६** |
| ५ | जम्मा व्याज खर्च | ९,९७९.५० | १,४८७.३७ | ८,४९२.१३ | १४.९० | **०.२३** |



## ४. आ.व. २०८३/८४ मा सार्वजनिक ऋणको प्राप्ति र भुक्तानीको मासिक विवरण

तालिका ५: सार्वजनिक ऋणको प्राप्ति र भुक्तानीको मासिक विवरण रु. करोडमा

| सि.नं. | ऋण सेवा स्थिति | श्रावण | भाद्र | जम्मा |
|---|---|---|---|---|
| १ | आन्तरिक ऋण भुक्तानी | २,२३४.०२ | ५,४४५.८८ | ७,६७९.९० |
| १.१ | साँवा भुक्तानी | १,७००.०० | ४,६५४.५० | ६,३५४.५० |
| १.२ | व्याज भुक्तानी | ५३४.०२ | ७९१.३८ | १,३२५.४० |
| २ | वाह्य ऋण भुक्तानी | २६५.५९ | ५५५.५७ | ८२१.१६ |
| २.१ | साँवा भुक्तानी | २१५.३५ | ४४३.८४ | ६५९.१९ |
| २.२ | व्याज भुक्तानी | ५०.२४ | १११.७३ | १६१.९७ |
| ३ | ऋण प्राप्ति | २,३८४.२७ | ३,७२१.४३ | ६,१०५.७० |
| ३.१ | आन्तरिक ऋण प्राप्ति | २,०००.०० | ३,०००.०० | ५,०००.०० |
| ३.२ | वाह्य ऋण प्राप्ति | ३८४.२७ | ७२१.४३ | १,१०५.७० |

द्रष्टव्य:

१. वैदेशिक ऋण प्राप्ति तर्फ प्राप्त भैसकेको Disbursement Letter को आधारमा अभिलेख राखिएकोले प्रतिवेदन पश्चात प्राप्त हुने Disbursement Letter को अभिलेख प्रविष्ट गर्दा प्रतिवेदन गरिएको मासिक बाह्य ऋण प्राप्ति फरक पर्न सक्नेछ।यस आर्थिक वर्षको सुरू मौज्दात वार्षिक प्रतिवेदन कायम भएबमोजिम अध्यावधि गरिएको छ।

२. सम्वत् २०८३ वैशाख १५ गते राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित आर्थिक वर्ष २०८२/८३ को राष्ट्रिय लेखा सम्बन्धी वार्षिक तथ्याङ्कमा गणना गरिएको कुल गार्हस्थ उत्पादनलाई तुलनाको आधार लिइएको छ।

QR - Link for Monthly Report